कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र सङ्ख्या : २०८०/०८१ (शा.सु./योजना) चलानी सङ्ख्या : ३३६५ मितिः २०८१/०३/३०

विषयः <u>मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८०/०८१ मा कार्यान्वयन भएका आयोजनाहरुको प्रगति विवरण प्रविष्टि गर्ने सम्बन्धमा</u>।

श्री रोजगार संयोजकज्यू (सबै स्थानीय तह),
कर्णाली प्रदेश।

प्रस्तुत विषयमा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८१/०८१ मा कर्णाली प्रदेशका सबै स्थानीय तहमा कार्यान्वयन भएका आयोजनाहरुको कार्यान्वयनको अवस्थाको सम्बन्धमा एकीकृत रुपमा विवरण प्राप्त हुने गरी मुख्यमन्त्री रोजगार कार्यक्रम अनलाइन प्रणालीमा **आयोजनाको प्रगति संकलन** खण्ड थप गरिएको छ। मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तहाँ स्थानीय तहका आयोजनाहरु प्रविष्टि गर्ने कार्यको लागि तपाईंलाई उपलब्ध गराइएको user name र password बाट अनलाइन प्रणालीमा लगइन गरी आर्थिक वर्ष २०८०/०८१ छनौट गरी अनलाइन प्रणालीमा रहेको आयोजनाको प्रगति संकलन खण्डमा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८०/०८१ मा तहाँ स्थानीय तहमा सञ्चालित आयोजनाहरुको प्रगति विवरण मिति २०८१/०४/०५ गते भित्र अनिवार्य प्रविष्टि गर्नुहुन साथै कुनै आयोजना कार्यान्वयन नभएको भए प्रगतिमा शुन्य उल्लेख गरी भर्न मिल्ने बाँकी सबै विवरण प्रविष्टि गर्नुहुन आदेशानुसार अनुरोध छ।

*(पुनश्चः प्रगति विवरण प्रविष्टिमा कुनै द्विविधा उत्पन्न भएमा सम्पर्कः- श्री चन्द्र बहादुर मन्दिर, मो.नं. ९८४८२३०३१२)*

..............................
(युबराज न्यौपाने)
शाखा अधिकृत

<u>सादर अवगतार्थः</u>
श्रीमान प्रमुख सचिवज्यू, कर्णाली प्रदेश सरकार।

<u>अवगतार्थः</u>
श्रीमान सचिवज्यू (सबै),
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, करणाली प्रदेश, सुर्खेत।

<u>बोधार्थः</u>
श्री स्थानीय तह (सबै), कर्णाली प्रदेश।
माननीय मुख्यमन्त्रीको निजी सचिवालय,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, करणाली प्रदेश, सुर्खेत।